## बैठक संख्या (४)

आज मिति २०८१/०७/०८ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती:-

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री वलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन वहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री सरोज पाण्डेय

आमन्त्रित:-

श्री नरेन्द्र सिह महता (जनस्वास्थ्य निरिक्षक)

श्री महेश सिह महता (सूचना प्रविधि अधिकृत)

श्री देवेन्द्र सिह साउद (वडा सदस्य)

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरुः-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।
२. बोलपत्र आहान गर्ने सम्बन्धमा ।
३. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्बन्धमा ।
४. भुक्तानी दिन बाँकीको विवरण सम्बन्धमा ।
५. बेरुजु सम्परीक्षण समिति गठन सम्बन्धमा ।
६. उपभोक्ता समिति सम्बन्धमा ।
७. निजि आवास निर्माण सम्बन्धमा ।
८. आर्थिक सहयोग सम्बन्धमा ।
९. विज्ञापन सम्बन्धमा ।
१०. योजना सम्झौता सम्बन्धमा ।
११. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
१२. स्थानीय विदा सम्बन्धमा ।
१३. विनियोजन रकम सम्बन्धमा ।

निर्णय नं. (१) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाका बैठकहरुमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व. २०८१/०८२ मा कार्यान्वयन गर्नु पर्ने तपसिल बमोजिमका योजना/आयोजनाहरुको **(e-Bid)** मार्फत बोलपत्र आहान गर्ने निर्णय गरियो ।

तपसिलः-

१. सुदूरपश्चिम प्रदेश विशेष अनुदानः
   - क) खुलपुर खेलमैदान स्तरोउन्नति, शिवनाथ २
   - ख) नागार्जुन तिर्थस्थल पर्यटन प्रवर्द्धन, शिवनाथ १

२. सुदूरपश्चिम प्रदेश समपुरक अनुदानः
   - क) शिवनाथ स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ६
   - ख) वडा नं. ५ को वडा कार्यालय निर्माण योजना

३. संघीय समपुरक अनुदानः
   - क) सुल्लेखान शर्माली नगरौंघाट सडक स्तरोउन्नति (शिवनाथ ६, ३, २ र १) आयोजनाको राष्ट्रिय योजना आयोगबाट स्वीकृत आयोजनाको अवधी २ वर्ष, लागत अनुमान ४ करोड ५० लाख, विनियोजन रकम रु ५५ लाख रहेकोमा शिवनाथ गाउँपालिकाबाट विनियोजित बजेट रकम रु १ करोड १० लाखभित्र रहने गरी यसै आ.व.भित्र सम्पन्न हुने गरी कार्यान्वयन हुने ।साथै आगमी आ.व.मा क्रमागत आयोजना अन्तर्गत बजेट माग गरी योजन सम्पन्न गर्ने ।

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. (३) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्नका लागि कार्यालयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. (४) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको गत आ.व. २०८०/०८१ को भुक्तानी बाँकीको प्रमाणित म.ले.प. फाराम नम्वर २२१ मा उल्लेखित सि.न. १ देखि १४, सि.न. १६, सि.न. १८ देखि २२, सि.न. २४ देखि २९ सम्मका रकम तपसिलको बजेट शिर्षकवाट भुक्तानी दिने गरी अनुमोदन गर्ने निर्णय गरियो ।साथै सि.न. (१५) र (१७) को भुक्तानी सम्बन्धमा आवश्यक छानबीन/जाँचवुझ गरी प्रतिवेदन पेश गर्ने गरी यस कार्यालयमा कार्यरत आ.ले.प.(सहायक पाँचौं) विष्णु प्रसाद भट्टको संयोजकत्वमा कम्प्यूटर अपरेटर (सहायक पाँचौं) कोमल विक्रम सिंह - सदस्य र खा.पा.स.टे. (सहायक चौथो) दुर्गा प्रसाद भट्ट - सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:-

१. सि.न. (१) को भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित गा.पा.शिक्षक अनुदान बजेट शीर्षकवाट खर्च गर्ने ।

२. सि.न. (२) को भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित गा.पा.स्वास्थ्य र वास बोर्ड बजेट शीर्षकवाट खर्च गर्ने ।

३. सि.न. (३) को भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित गा.पा. स्वास्थ्य र वास बोर्ड बजेट शीर्षकवाट खर्च गर्ने ।

४. सि.न. (४) को भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित विविध खर्च खाता, सडक बोर्डबाट निकसा भए पछी खर्च गर्ने ।

५. सि.न. (५) देखि सि.न. (१२) सम्मको भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित मसलान्द तथा कार्यालय सञ्चालन बजेट शीर्षकवाट खर्च गर्ने ।

६. सि.न. (१३),(१४),(१६),(१८),(१९),(२०) सम्मको भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित सवारी साधन मर्मत खर्च बजेट शीर्षकबाट खर्च गर्ने ।

७. सि.न. (२१) र (२२ को भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित आँखा उपचार केन्द्र खर्च बजेट शीर्षकवाट खर्च गर्ने ।

८. सि.न. (२४)को भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित अन्य भत्ता बजेट शीर्षकवाट खर्च गर्ने ।

९. सि.न. (२५) र (२६) को भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित सञ्चार महशुल बजेट शीर्षकबाट खर्च गर्ने ।

१०. सि.न. (२७) र (२८) को भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित पत्रपत्रीका तथा सूचना प्रकाशन बजेट शीर्षकबाट खर्च गर्ने ।

११. सि.न. (२९) को भुक्तानी आ.व. २०८१/०८२ मा विनियोजित धौलसेरी वाटो निर्माण योजना बजेट शीर्षकबाट खर्च गर्ने ।

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. (५) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको गत आ.व. २०८०/०८१ को महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजु सम्परीक्षण गराउन तपसिल बमोजिमको समिति मार्फत बेरुजु फर्छ्यौट गर्ने निर्णय गरियो ।

तपसिलः-

१. बिष्णु प्रसाद भट्ट — संयोजक
२. देवराज सपकोटा — सदस्य
३. हेमन्त राज जोशी - सदस्य

निर्णय नं. (६) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व. २०८१/०८२ बाट वडा र पालिका स्तरीय ह्याभि ईक्यूपमेन्ट प्रयोग हुने योजना/आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वय नगर्ने निर्णय गरियो ।

निर्णय नं. (७) माथि छलफल गर्दा यस शिवनाथ गाउंपालिकाले चालू आ.व. २०८१/०८२ मा "मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निमाण तथा पुनर्स्थापन कार्यविधि, २०७७" अनुसार यस शिवनाथ गाउँपालिकावाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुदानको लागि सिफारिस भएका तपसिल बमोजिमका लाभग्राहीको पालिकावाट लागत सहभागिता अनुसार पहिलो किस्ताको १० प्रतिशतले हुन आउने ४० हजार रकम जिल्ला विपद व्यवस्थापन समितिको विविध (क.२.६) खाता नम्बर ४०५०१००२०६०००० मा जम्मा गर्ने निर्णय गरियो ।

तपसिलः-

१. धन सिह साउद — शिवनाथ २
२. सुरेश राम कोली — शिवनाथ ४
३. भगवान सिह महता — शिवनाथ ४
४. हजारी सिह विष्ट — शिवनाथ ४
५. राजु राम पार्की — शिवनाथ ६
६. जानकी खत्री — शिवनाथ ४
७. भद्री सिह साउद — शिवनाथ २
८. मिना चन्द — शिवनाथ ४

निर्णय नं. (८) माथि छलफल गर्दा मिति २०८०/०६/१७ गतेका दिन मोटरसाईकल दुर्घटना भई घाईते हुन भएका वडा नं. १ का वडा अध्यक्ष वलदेव सिह चाडलाई स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु १ लाख ५० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. (९) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका अन्तर्गत रहेका श्रीपूर आधारभूत स्वास्थ्य चौकी र शिवनाथ स्वास्थ्य चौकी अन्तर्गतको कानली वर्थिङ्ग सेन्टरमा रिक्त अ.न.मी पद संख्या २ करारमा पदपूर्ती गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. (१०) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालु आ.व.२०८१/०८२ मा स्वीकृत भएका उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना/आयोजनाहरुको सम्झौता मिति २०८१ मंसिर मसान्तसम्म गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा

क. आर्थिक वर्ष २०८१/०८२ का लागि यस शिवनाथ गाउँपालिकाको रोजगार सेवा केन्द्रले EMIS मा सूचीकृत गरेका बेरोजगार व्यक्तिहरुको आधारमा प्राप्त भएको बजेटलाई तपसिल बमोजिमका वडागत बेरोजगार व्यक्तिहरुको संख्याको आधारमा बाँडफाँड गर्ने निर्णय गरियो।

तपसिल

| वडा नं. | सूचीकृत भएका बेरोजगार व्यक्तिहरुको संख्या | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजनाको लागि आएको सशर्त अनुदान (नेपाल सरकार) | वडाले पाउने सशर्त अनुदान | दैनिक ज्याला | कुल रोजगारी सृजना हुने दिन | १०० दिनको रोजगारी पाउने व्यक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १७१ | २७८०००० | ४००८०० | | ६०० | ६ | ४५२ |
| २ | १७३ | | ४६७६०० | | ७०० | ७ | |
| ३ | २०३ | | ४६७६०० | | ७०० | ७ | |
| ४ | १८२ | | ४६७६०० | | ७०० | ७ | |
| ५ | १२० | | ४४१५४८ | | ६६१ | ६.६१ | |
| ६ | २४१ | | ५३४४०० | | ८०० | ८ | |
| जम्मा | १०९० | | २७७९५४८ | | ४१६१ | ४१.६ | |

| वडा नं. | सूचीकृत भएका बेरोजगार व्यक्तिहरुको संख्या | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजनाको लागि आएको सशर्त अनुदान (नेपाल सरकार) | वडाले पाउने सशर्त अनुदान | दैनिक ज्याला | कुल रोजगारी सृजना हुने दिन | १०० दिनको रोजगारी पाउने व्यक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १७१ | २७२०००० | २३३८०० | | ३५० | ७ | ४८००० |
| २ | १७३ | | २३३८०० | | ३५० | ७ | |
| ३ | २०३ | | २३३८०० | | ३५० | ७ | |
| ४ | १८२ | | २००४०० | | ३०० | ६ | |
| ५ | १२० | | २००४०० | | ३०० | ६ | |
| ६ | २४१ | | २३३८०० | | ३५० | ७ | |
| जम्मा | १०९० | | १३३६००० | | २००० | ४० | |

ख. यस शिवनाथ गाउँपालिका अन्तर्गत आ.व २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि तपसिल बमोजिमका योजनाहरु छनौंट गरी उक्त श्रममुलक आयोजनाहरुमा देहाय अनुसारको योजनागत बजेट विनियोजन गरी सञ्चालन गर्ने निर्णय गरियो।

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| सि.न. | आयोजनाका नाम | वडा नं. | संघीय सरकारबाट विनियोजित बजेट | सृजना हुने रोजगारी दिन | १००/५० दिनको रोजगारी पाउने व्यक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दुबला देखि छतेखर्क सम्म बाटो निर्माण | शिवनाथ-१ | ४००८०० | ६०० | ६ | |
| २ | तल्ली कुँड गोरा खलो मर्मत | शिवनाथ-१ | २३३८०० | ३५० | ७ | |
| ३ | कसाड देखि पिरोली सम्म बाटो निर्माण | शिवनाथ-२ | ४६७६०० | ७०० | ७ | |
| ४ | जोलापानी देखि सान्नमाई सम्म बाटो मर्मत | शिवनाथ-२ | २३३८०० | ३५० | ७ | |
| ५ | सिमलगडा देखि सिउते गुनेमहर बस्कट्टे बाटो निर्माण | शिवनाथ-३ | ४६७६०० | ७०० | ७ | |
| ६ | बछुला खानेपानी पाईपलाईन खोदाई | शिवनाथ-३ | २३३८०० | ३५० | ७ | |
| ७ | तल्ली लिखाडी मकैल बाटो निर्माण | शिवनाथ-४ | ४६७६०० | ७०० | ७ | |
| ८ | मट्याल देखि तोलिखान सम्म बाटो मर्मत | शिवनाथ-४ | २००४०० | ३०० | ६ | |
| ९ | शिवनाथ मन्दिर पिसिसि पदमार्ग निर्माण | शिवनाथ-५ | ४४१५४८ | ६६१ | ६.६१ | |
| १० | रोल बसर बाटो मर्मत | शिवनाथ-५ | २००४०० | ३०० | ६ | |
| ११ | चुच्चाई देखि शिवनाथ मन्दिर सम्म सोलिङ्ग बाटो निर्माण | शिवनाथ-६ | ५३४४०० | ८०० | ८ | |
| १२ | | शिवनाथ-६ | २३३८०० | ३५० | ७ | |
| कूल जम्मा | | | ४११५५४८ | ६१६१ | ८१.६१ | |

ग. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालनहुने योजनाहरुको रोजगार उपभोक्ता समिति शिवनाथ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि अनुसार गठन गर्ने निर्णय गरियो।

घ. PMEP आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, बमोजिम बेरोजगार व्यक्तिको सूचीमा पहिलो प्राथमिकताक्रममा रहेका व्यक्तिहरुको बसोबास स्थल आयोजना स्थल भन्दा टाँढाभएकोले भौगोलिक विकटताका कारण पहिलो प्राथमिकताक्रमा परेका व्यक्तिहरुलाई आयोजना स्थल सम्म आउनको लागि २/३ घण्टा समय लाग्ने भएकोले आयोजना सञ्चालन गर्न कठिनाई भएको हुँदा सूचीकृत भएका बेरोजगार व्यक्तिहरु मध्येबाट वडाको सिफारिसमा बेरोजगार व्यक्तिहरुलाई काममा खटाउने निर्णय गरियो। साथै युवारुपको लागि ६० प्रतिशत महिला श्रमिक काम गर्नको लागि उपलब्ध नभएको खण्डमा पुरुष श्रमिकलाई काममा लगाउने र आर्थिक वर्ष २०८०/०८१ र सो भन्दा पहिलेका आ.व. हरुमा १०० दिनको रोजगारी प्राप्त गरेका व्यक्ति (सो व्यक्तिका परिवार) बाहेक अन्य व्यक्ति हरुलाई आ.व २०८१/०८२ मा काममा लगाउने निर्णय गरियो।

साथै युवारुप बाट सञ्चालन हुने योजनाहरुमा संलग्न श्रमिकहरुलाई ५० दिन सम्बन्धित योजनामा काममा लगाउने र ५० दिनको सीपमूलक तालिम दिने निर्णय गरियो। चालू आर्थिक वर्षका लागि देहाय बमोजिमका तालिमहरु सञ्चालन गर्ने निर्णय गरियो।

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

| क.स | सीपमूलक तालिमको नाम | तालिममा सहभागिहुने व्यक्तिको संख्या | कैफियत |
|---|---|---|---|
| १ | इलेक्ट्रिसियन | ४० जना | |

निर्णय नं. (१२) माथि छलफल गर्दा मिति २०८१/०७/२३ गतेका दिन यस शिवनाथ गाउँपालिका वडा नं. ६ अन्तर्गत रहेको शिवनाथ मन्दिरमा लाग्ने मेला/जात्रा र मिति २०८१/०७/२९ गतेका दिन शिवनाथ गाउँपालिका वडा नं. ४ मा रहेको देहिगडा भगवती मन्दिमा लाग्ने मेला/जात्राको अवसरमा स्थानीय बिदा दिने निर्णय गरियो ।

निर्णय नं. (१३) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाले चालू आ.व. २०८१/०८२ मा विनियोजन गरेको BOP कुस्मौतघाट, सुल्लेखान प्रहरी चौकी र कुस्मौतघाट प्रहरी चौकी सञ्चालन तथा व्यवस्थापन खर्च शीर्षकमा विनियोजन भएको रकमबाट BOP कुस्मौतघाटलाई रु १ लाख, सुल्लेखान प्रहरी चौकीलाई रु १ लाख र कुस्मौतघाट प्रहरी चौकीलाई रु १ लाख छुट्याउने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०८१/०८/०८

सरोज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत